

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५२ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २५ अंक २ कात्तिक – पुस २०७४ Year 25 Vol 2 Nov 2017 - Jan 2018

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको
# ५३औं वार्षिकोत्सव मनाइदैं

**काठमाडौं, १२ पुस**




राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५३औं वार्षिकोत्सव सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको संयोजकत्वमा ३५ सदस्यीय मुल समिति गठन गरिएको छ । समितिले वार्षिकोत्सवलाई भव्यताका साथ सम्पन्न गर्नको लागि विभिन्न कार्य सम्पादन उप समितिहरु समेत गठन गरेको छ । नायब महाप्रवन्धक सुशिल श्रेष्ठको संयोजकत्वमा अतिथि सत्कार तथा मन्च व्यवस्थापन उप समिति गठन गरिएको छ भने नायब महाप्रवन्धक कविराज अधिकारीको संयोजकत्वमा माघ ७ गते संचालन हुने गरी रक्तदान उप समिति गठन गरिएको छ। रक्तदान कार्यक्रम बैंकको सम्पूर्ण क्षेत्रीय कार्यालयहरूमा समेत सञ्चालन गरिने छ । नायब महाप्रवन्धक केशवप्रसाद लम्सालको संयोजकत्वमा प्रकाशन तथा प्रचार प्रसार उप समिति गठन गरिएको छ भने नायब महाप्रवन्धक टेकराज जोशीको संयोजकत्वमा माघ ६ गते बिहान संचालन गर्ने प्रभातफेरी कार्यक्रम उप समिति गठन गरिएको छ। त्यस्तै विभागीय प्रमुख देबेन्द्ररमण खनालको संयोजकत्वमा विभिन्न खेलकुद कार्यक्रम आयोजना गरिने भएको छ ।

थप समाचार पृष्ठ ३

# पोखरा क्षेत्रको गोष्ठी सम्पन्न

**पोखरा, १३ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभागको आयोजना, तालिम तथा विकास विभागको व्यवस्थापन र क्षेत्रीय कार्यालय पोखराको संयोजनमा क्षेत्रीय कार्यालय पोखरा अर्न्तरगतका शाखाहरुको आ.व. २०७३।०७४ को प्रगति तथा आ.व. २०७४।०७५ को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्न सो क्षेत्र अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी कात्तिक १२ र १३ गते पोखरामा सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायव महाप्रबन्धकद्धय सुशिल श्रेष्ठ र उद्धवप्रसाद खनाल, ब्रान्च




अपरेशन विभागका प्रमुख शशि आर्चय, सूचना प्रविधि विभागका प्रमुख देवेशप्रसाद लोहनी, ट्रेजरी विभागका प्रमुख देवेन्द्ररमण खनाल, तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानी, जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभागका प्रमुख कृष्णानन्द झा, कम्प्लायन्स महाशाखाका प्रमुख विनोदकुमार नेपाल, क्षेत्रीय

बाँकी पृष्ट ५

## सम्पादकीय

वि.सं. २०२२ माघ १० गते स्थापना भएको पूर्ण सरकारी स्वामित्वको यस राष्ट्रिय वाणिज्य बैंक आफ्नो स्थापनाको ५२ वर्ष पुरा गरी ५३ वर्षमा प्रवेश गर्ने संघारमा रहेको छ । यस बैंकले हालसम्म धेरै ओराली उकाली पार गर्दै विगत १३ वर्षदेखि निरन्तर नाफामा रहेको छ । देशको औद्योगिक आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान दिइरहेको यस बैंकले हाल देशमा बढेको बैंकिङ प्रतिष्पर्धाकाबीच आधुनिक प्रविधियुक्त गुणस्तरीय सेवा प्रदान गर्दै देशको अग्रणी बैंक साबित भएको छ ।

हाल देशको ६९ जिल्लामा १७९ शाखा कार्यालय मार्फत बैंकिङ सेवा उपलब्ध गराउदै आइरहेको यस बैंकले मुलुक संघीयतामा गएपछि हरेक स्थानीय तहमा वाणिज्य बैंकको एक शाखा पु-याउने सरकारको योजनालाई सफल बनाउन वित्तीय पंहुच न्युन रहेको हाम्रो देश त्यसमा पनि पछाडि परेको पहाडी तथा हिमाली क्षेत्रमा वित्तीय साक्षरताको बृद्धि गरी शाखा बिस्तार गर्दै आधुनिक प्रविधियुक्त गुणस्तरीय सेवा प्रदान गर्न सकेमा बैंकले आर्जन गरेको साखलाई आगामी दिनमा जोगाइ राख्न सफल हुने छ । प्रतिस्पर्धात्मक वित्तीय बजारबाट सहज रुपमा निक्षेप संकलन, कर्जा प्रवाह र सूचना प्रविधिको विकास गरी यस बैंकले ठूलो संख्यामा रहेको ग्रामीण जनसंख्याको वित्तीय पंहुचको सुनिश्चितताको लागि महत्वपूर्ण भूमिका खेलेको छ । यस पुनित कार्यमा बैंकसंग सम्बन्धित सबै पक्ष, बैंक व्यवस्थापन तथा कर्मचारीहरुबाट उच्चकोटीको योगदानको अपेक्षा गरिन्छ ।

बैंक ५३ औं वर्ष प्रवेश गर्दै गरेको अवसरमा बैंकलाई यस स्थानमा पुऱ्याउन योगदान दिनु हुने ग्राहक, सरकार तथा आम सर्वसाधारण जनताहरुप्रति राष्ट्रिय वाणिज्य बैंक हार्दिक आभार प्रकट गर्दछ साथै आगामी वर्षहरुमा पनि सम्बद्ध सबै पक्षबाट यस्तै सद्भाव शुभेच्छाको अपेक्षा सहित अझै आधुनिक प्रविधियुक्त गुणस्तरीय विश्वासनीय बैंकिङ्ग सेवा प्रदान गदै जाने प्रण गर्दछ ।

### सुझाव तथा प्रतिकृयाको लागि

यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिकृया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -सम्पादक

ई-मेलः rbbnl@rbb.com.np

सम्पर्क फोन नं.: ०१-४२५२५९५, Ext. २४२३

# नेपालगंज क्षेत्रको गोष्ठी सम्पन्न




**नेपालगंज, १८ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभागको आयोजना, तालिम तथा विकास विभागको व्यवस्थापन र क्षेत्रीय कार्यालय नेपालगंजको संयोजनमा क्षेत्रीय कार्यालय नेपालगंज अर्न्तरगतका शाखाहरुको आ.व. २०७३।०७४ को प्रगति तथा आ.व. २०७४।०७५ को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्न सो क्षेत्र अर्न्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी कात्तिक १७ र १८ गते नेपालगंजमा सम्पन्न भएको छ । नायव महाप्रवन्धक केशवप्रसाद लम्सालको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो गोष्ठी कार्यक्रममा बैंकका नायव महाप्रबन्धकहरु टेकराज जोशी र उद्धवप्रसाद खनाल, कर्जा विभागका प्रमुख नरेशराज अर्याल, ब्रान्च अपरेशन बिभागका प्रमुख शशि आचार्य, सूचना प्रविधि विभागका प्रमुख देवेशप्रसाद लोहनी, क्षेत्रीय प्रबन्धक बालकृष्ण घिमिरे, कम्प्लायन्स महाशाखाका प्रमुख विनोदकुमार नेपाल, आ.ले.प. विभागका उपप्रमुख रणबहादुर चन्द, तालिम तथा विकास विभागका उप प्रमुख शिवराम पौडेल, क्षेत्रीय कार्यालय नेपालगंजका उप प्रमुख बुद्धप्रकाश सिंह लगायतको उपस्थिति रहेको थियो भने नेपालगंज क्षेत्रका ३९ शाखा कार्यालयहरुमध्ये लम्की, गलरिया र मुगु बाहेक सबै शाखाको सहभागीता रहेको थियो । सो कार्यक्रममा नायव महाप्रबन्धक केशवप्रसाद लम्सालले एक करोडभन्दा साना ग्राहकहरुलाई बचाउनु चुनौतीपूर्ण रहेको बताउनुभयो । उंहाले पहिले तरलता र कर्जाको जोखिम प्रमुख थियो भने हाल संचालन जोखिम प्रमुख देखिएको छ । सूचना प्रविधिसम्बन्धी जोखिम डरलाग्दो रुपमा आएको छ । सूचना प्रविधि संचालनमा कमी कमजोरी भएमा ओभरनाइटमै बैंक धारासायी हुनसक्ने हुंदा संचालन कार्यविधिलाई मनन गरेर कार्य गर्न सुझाव दिनुभयो । नायव महाप्रबन्धक टेकराज जोशीले प्रबन्धकहरुले गोष्ठीमा सिकेका विषयलाई आत्मसाथ गर्दै वार्षिकरुपमा गर्ने कामको कार्य योजना बनाउनु पर्छ र त्यो बैंकको सम्पत्ति बन्छ । आलेपका कैफियत सुधार गर्ने र बाँकी रहेकालाई सुधार गर्दै जाने प्रतिउत्तर लेखी पठाउने गर्न निर्देशन दिनु भयो । नायव महाप्रबन्धक उद्धवप्रसाद खनालले भईरहेको स्रोत साधन परिचालन गरी जोखिम न्यूनीकरण गर्दै अगाडि बढे संस्था र नाफा केन्द्रलाई बचाउने उल्लेख गर्नु भयो । उहाले देशको राजनैतिक व्यवस्थाले गर्दा केन्द्रिकृत बजेट प्रान्तमा जाने हुंदा निक्षेप घट्न सक्ने सम्भावना भएकाले सचेत रहदै काम कारबाही अगाडि बढाउनु पर्ने हुन्छ भन्ने कुरा व्यक्त गर्नु भयो । तालिम तथा विकास विभागका उप प्रमुख शिबराम पौडेलले संचालन गर्नुभएको कार्यक्रममा शाखा प्रवन्धकहरुको तर्फबाट शाखा कार्यालय धनगढीका प्रवन्धक चेतराज भट्टले आफ्ना भनाईहरु राख्नुभएको थियो ।

**बैंकको ५३औं वार्षिकोत्सव भव्यरुपमा मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको संयोजकत्वमा मुल समिति गठन गरिएको छ। मुल समिति तथा उप समितिहरुको नामावली यसप्रकार छ :**

| क्र.सं | पद | नाम | पद |
|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | श्री किरणकुमार श्रेष्ठ | संयोजक |
| २ | नायव प्रमुख कार्यकारी अधिकृत | श्री विष्णुप्रसाद बैद्य | सदस्य |
| ३ | नायव प्रमुख कार्यकारी अधिकृत | श्री भुपेन्द्र पाण्डे | सदस्य |
| ४ | नायव महाप्रबन्धक | श्री सुशिल श्रेष्ठ | सदस्य |
| ५ | नायव महाप्रबन्धक | श्री कविराज अधिकारी | सदस्य |
| ६ | नायव महाप्रबन्धक | श्री केशवप्रसाद लम्साल | सदस्य |
| ७ | नायव महाप्रबन्धक | श्री टेकराज जोशी | सदस्य |
| ८ | नायव महाप्रबन्धक | श्री उद्धवप्रसाद खनाल | सदस्य |
| ९ | विभागीय प्रमुख | श्री महेन्द्रप्रसाद अवस्थी | सदस्य |
| १० | विभागीय प्रमुख | श्री नरेशराज अर्याल | सदस्य |
| ११ | विभागीय प्रमुख | श्री कपिलमणि ज्ञवाली | सदस्य |
| १२ | विभागीय प्रमुख | श्री गणेशकुमार ढकाल | सदस्य |
| १३ | विभागीय प्रमुख | श्री भरत के.सी. | सदस्य |
| १४ | विभागीय प्रमुख | श्री गोपालप्रसाद पौडेल | सदस्य |
| १५ | मुख्य प्रवन्धक | श्री शंकरकुमार रायमाझि | सदस्य |
| १६ | विभागीय प्रमुख | श्री मित्रलाल पंज्ञानी | सदस्य |
| १७ | विभागीय प्रमुख | श्री सरस्वती अधिकारी | सदस्य |
| १८ | विभागीय प्रमुख | श्री देवेन्द्ररमण खनाल | सदस्य |
| १९ | विभागीय प्रमुख | श्री देवेशप्रसाद लोहनी | सदस्य |
| २० | विभागीय प्रमुख | श्री पवन रेग्मी | सदस्य |
| २१ | विभागीय प्रमुख | श्री विष्णुप्रसाद गैरे | सदस्य |
| २२ | विभागीय प्रमुख | श्री कृष्णानन्द झा | सदस्य |
| २३ | विभागीय प्रमुख | श्री रिको स्थापित | सदस्य |
| २४ | विभागीय प्रमुख | श्री दिवाकर वशिष्ठ | सदस्य |
| २५ | विभागीय प्रमुख | श्री वावुराम मरहट्ठा | सदस्य |
| २६ | विभागीय प्रमुख | श्री शालिग्राम वाग्ले | सदस्य |
| २७ | क्षेत्रीय प्रबन्धक | श्री राजेन्द्रप्रसाद दाहाल | सदस्य |
| २८ | शाखा प्रबन्धक | श्री कविन्द्रप्रताप शाह | सदस्य |
| २९ | शाखा प्रवन्धक | श्री विनयरमण पौडेल | सदस्य |
| ३० | कंपनी सचिव | श्री जगन्नाथ कुंइकेल | सदस्य |
| ३१ | विभागीय उपप्रमुख | श्री आनन्द सुवेदी | सदस्य |
| ३२ | अध्यक्ष | श्री वेदवहादुर लावती | सदस्य |
| ३३ | अध्यक्ष | श्री गगनसिंह घिमिरे | सदस्य |
| ३४ | अध्यक्ष | श्री दिपेन्द्र कार्की, | सदस्य |
| ३५ | विभागीय प्रमुख | श्री शशि आचार्य | सदस्य सचिव |

१.प्रभातफेरी कार्यक्रम उपसमिति :

| पद | नाम थर | कार्यक्रम |
|---|---|---|
| संयोजक | श्री टेकराज जोशी | बैंकको ५३ औं वार्षिकोत्सवको अवसरमा २०७४ माघ ६ गते विहान ८ बजे प्रभातफेरी कार्यक्रम आयोना गर्ने |
| सदस्य | श्री शशि आचार्य | |
| सदस्य | श्री गणेशकुमार ढकाल | |
| सदस्य | श्री गोपालप्रसाद पौडेल | |
| सदस्य | श्री सरस्वती अधिकारी | |
| सदस्य | श्री देवेशप्रसाद लोहनी | |
| सदस्य | श्री रिको स्थापित | |
| सदस्य | श्री कृष्णानन्द झा | |
| सदस्य | श्री कविन्द्रप्रताप शाह | |
| सदस्य | श्री वेदवहादुर लावती | |
| सदस्य | श्री गगनसिंह घिमिरे | |
| सदस्य | श्री दिपेन्द्र कार्की, | |

२.रक्तदान उप समिति :

| | | |
|---|---|---|
| संयोजक | श्री कविराज अधिकारी | २०७४ साल माघ ७ गते बैंकको ५३औं वार्षिकोत्सवको अवसरमा केन्द्रीय कार्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गर्ने |
| सदस्य | श्री नरेशराज अर्याल | |
| सदस्य | श्री भरत के.सि. | |
| सदस्य | श्री शंकरकुमार रायमाझी | |
| सदस्य | श्री विष्णुप्रसाद गैरे | |
| सदस्य | श्री वावुराम मरहट्ठा | |
| सदस्य | श्री विनयरमण पौडेल | |

३.प्रकाशन तथा प्रचार प्रसार उपसमिति :

| | | |
|---|---|---|
| संयोजक | श्री केशवप्रसाद लम्साल | स्तरीय आर्थिक लेख सहित बैंकको वार्षिक मुखपत्र "उपहार" पत्रिका प्रकाशनको व्यवस्था मिलाउने, बैंकको बारेमा वृत्तचित्र निर्माण गर्ने, प्रचार सामग्री तयार गरी पत्रपत्रिकामा बैंकको विज्ञापन प्रकाशन गर्ने । |
| सदस्य | श्री मित्रलाल पंज्ञानी | |
| सदस्य | श्री पवन रेग्मी | |
| सदस्य | श्री दिवाकर वशिष्ठ | |
| सदस्य | श्री आनन्द सुवेदी | |
| सदस्य | श्री शितल कोइराला | |
| सदस्य | श्री कुमार निरौला | |
| सदस्य | श्री माधव अधिकारी | |

४.खेलकुद समिति

| | |
|---|---|
| श्री देवेन्द्र रमण खनालको संयोजकत्वमा राजेन्द्रप्रसाद दाहाल र रा.वा.बैंक खेलकुद समितिका सदस्यहरु | केन्द्रीय कार्यालयमा व्याडमिन्टन, टेवल टेनिस र म्युजिकल चेयर खेलकूदको प्रतियोगिता संचालन गर्ने |

५.अतिथि सत्कार तथा मन्च व्यवस्थापन उप समिति :

| | | |
|---|---|---|
| संयोजक | श्री सुशिल श्रेष्ठ | वार्षिकोत्सवका अवसरमा अतिथि सत्कार तथा मन्च व्यवस्थापन, जलपान कार्यक्रम आयोजना गर्ने |
| सदस्य | श्री उद्धवप्रसाद खनाल | |
| सदस्य | श्री महेन्द्रप्रसाद अवस्थी | |
| सदस्य | श्री कपिलमणि ज्ञवाली | |
| सदस्य | श्री शालिग्राम वाग्ले | |
| सदस्य | श्री जगन्नाथ कुंइकेल | |
| सदस्य | श्री नारायणप्रसाद सुवेदी | |
| सदस्य | श्री लक्ष्मीप्रसाद पराजुली | |
| सदस्य | श्री वेदप्रसाद आचार्य | |

सचिवालयसम्बन्धी कार्यहरु ब्रान्च अपरेशन विभागले गर्ने :

| |
|---|
| शाखा कार्यालयहरुलाई वार्षिकोत्सव खर्च |
| उत्कृष्ट कार्य सम्पादन पुरस्कार वितरण |
| सचिवालय खर्च |

# कर्जा जोखिम व्यवस्थापन तालिम



**काठमाडौं, २३ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा कर्जा जोखिम व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न भएको छ । काठमाडौं जर्सिङ्गपौवामा संचालित सो तालिम कार्यक्रममा केन्द्रीय कार्यालय कर्जा विभागमा कार्यरत कर्मचारीहरुको सहभागीता रहेको थियो । सानिमा बैंकका बरिष्ठ प्रशिक्षक निश्चलराज पाण्डेले कर्जामा हुने नयां-नयां जोखिम र त्यसका निराकरणका उपायहरुका बारेमा करिब ३४ जना बैंक कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा संस्थागत तथा साना मझौला कर्जा विभागका प्रमुख नरेशराज अर्याल र विभागीय उप प्रमुख सन्जयकुमार श्रेष्ठको उपस्थिति रहेको थियो ।

(सहायक प्रवन्धक मुक्तबहादुर के.सी.को सहयोगमा तयार पारिएको )

# नव नियुक्त कर्मचारीहरुलाई शपथ ग्रहण तथा निर्देशन



**काठमाडौं, २६ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा खुला प्रतिस्पर्धाद्वारा छनौट हुनुभएका ४५ जना सहायक प्रवन्धकहरुलाई बैंकका मानव संशाधन विभागका प्रमुख गणेशकुमार ढकालले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको छ । सो कार्यक्रममा शपथ ग्रहण पश्चात बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नव नियुक्त कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै बैंकको व्यवसाय ठूलो छ, धेरै कर्मचारीहरु अवकाश हुन लागेकाले, यस्तो समयमा थप काम गर्न अनुरोध गर्नुभयो । उहांले बैंकिङ क्षेत्रमा जोखिम बढ्दै गईरहेकाले काम गर्ने कर्मचारीको नियत सफा भएमा समस्या नआउने बताउनुभयो । उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत बिष्णुप्रसाद बैद्यले राष्ट्रिय वाणिज्य बैंकको व्यवसाय नम्बर एक रहेको र ग्राहक सेवा भने अझै सुधार गर्नुपर्ने अवस्थामा भएको हुंदा ग्राहक सेवालाई सुधार गर्न तर्फ लाग्न कर्मचारीहरुलाई सुझाव दिनुभयो । उहांले कर्मचारीहरुलाई निकट भविष्यमै थप जिम्मेबारी पनि दिने बताउनुभयो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डेले आफुसंग भएको शिक्षालाई बैंकको अनुभवसंग तालमेल गर्न सके बैंकको व्यवसायसंगै कर्मचारीको पनि बृत्ति बिकास हुने बताउनुभयो । नायब महाप्रवन्धक सुशिल श्रेष्ठले उपस्थित सम्पूर्ण नव नियुक्त कर्मचारीहरुलाई स्वागत गर्नुहुँदै बैंकिङ नियमहरुको अध्ययन गरेर कार्यक्षेत्रमा लाग्न अनुरोध गर्नुभयो ।

सो कार्यक्रममा बैंकका नायब महाप्रवन्धक कबिराज अधिकारी, विभागीय प्रमुख देवेशप्रसाद लोहनी, मानव संशाधन विभागकी उप प्रमुख सुनिता मानन्धर लगायतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको संचालन तालिम तथा विकास विभागका उप प्रमुख शिवराम पौडेलले गर्नुभएको थियो ।

# सम्पत्ति शुद्धीकरण निवारण तथा ग्राहक सम्बन्ध व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, १८ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा बैंक कर्मचारीहरुलाई लक्षित गरी सम्पत्ति शुद्धीकरण निवारण तथा ग्राहक सम्बन्ध व्यवस्थापनसम्बन्धी तालिम विभिन्न स्थानमा सम्पन्न भएको थियो । पोखरामा सम्पन्न भएको तालिम कार्यक्रममा प्रमुख आतिथ्यता गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कालो धनलाई सेतो बनाउने कार्य सम्पत्ति शुद्धीकरण भएको र यस क्रममा बैंकको प्रयोग गरिने हुंदा बैंक कर्मचारी सजग भई कार्य गर्न र शंकास्पद कारोबारलाई केन्द्रीय कार्यालयमा जानकारी गराउन आग्रह गर्नुभयो । कम्प्लायन्स महाशाखाका प्रमुख विनोदकुमार नेपालले सम्पत्ति शुद्धीकरणको सम्भावना सो को निवारणसम्बन्धी कानूनी व्यवस्था सोसम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन एवं बैंकले अपनाउन पर्ने सजगता तथा ग्राहक पहिचानसम्बन्धी व्यवस्थाको महत्वकाबारेमा विभिन्न शाखाहरुमा कार्यस्थलमै प्रशिक्षण एवं जानकारी दिनु भयो । मिति २०७४ कात्तिक १९ गते शाखा कार्यालय लमही र लुहाममा मिति २०७४ कात्तिक २० गते शाखा कार्यालय दैलेखका कर्मचारीहरुलाई र कात्तिक २१ गते शाखा कार्यालय दुल्लु



र सुर्खेतका कर्मचारीहरुलाई प्रशिक्षण दिइएको थियो । मंसिर ८ गते पोखरा क्षेत्र अन्तर्गत रहेका शाखा कार्यालयहरुमा कार्यरत कर्मचारीलाई पोखरामा, मंसिर १२ गते बानेश्वर शाखा कार्यालयका कर्मचारीहरुलाई, मंसिर १४



देखि १७ गते सम्म धादिङ्ग र नुवाकोट जिल्लामा रहेका शाखा कार्यालयका कर्मचारीहरुलाई, संसिर २२ गते मुख्य शाखा कार्यालय काठमाडौंका कर्मचारीहरुलाई, पुस १५ गते चितवन र नवरपरासी जिल्लामा रहेका शाखा कार्यलयका कर्मचारीहरुलाई, पुस १७ गते मकवानपुर, वारा, पर्सा र सर्लाही जिल्लाका शाखा कार्यलयका कर्मचारीहरुलाई तथा पुस १८ गते धनुषा र महोत्तरी जिल्लामा रहेका शाखा कार्यालयका कर्मचारीहरुलाई सम्पत्ति शुद्धीकरण निवारण तथा ग्राहक सम्बन्ध व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिएको थियो । कार्यस्थलमै प्रशिक्षण तथा जानकारी दिने कार्यलाई निरन्तरता दिंदै कम्प्लायन्स महाशाखाले पुस १७ गतेसम्म २३ शाखा कार्यालयहरुमा ३०५ कर्मचारीहरुलाई सम्पत्ति शुद्धीकरणको सम्भावना, सोको निवारणसम्बन्धी कानुनी व्यवस्था, सोसम्बन्धमा नेपाल राष्ट्र बैंकलद्धारा जारी निर्देशन एवं बैंकले अपनाउनु पर्ने सजगता तथा ग्राहक पहिचानसम्बन्धी व्यवस्थाको महत्वका बारेमा स्थलगत प्रशिक्षण एवं जानकारी प्रदान गरिसकेको छ । तालिम कार्यक्रममा तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानी, कम्प्लायन्स महाशाखाका प्रमुख बिनोदकुमार नेपाल, तालिम तथा विकास विभागका उप प्रमुख शिबराम पौडेलल सहभागी भई कर्मचारीहरुलाई प्रशिक्षण दिनुभएको थियो ।

(सहायक प्रवन्धक मुक्तबहादुर के.सी.को सहयोगमा तयार पारिएको)

मानव संशाधन

# तालिम विदेश



सन् २०१७ डिसेम्बर १० देखि १६ सम्म Frankfurt School of Finance & Management (FSFM), जर्मनीमा संचालित "Risk Governance and Bank Management " विषयक तालिम कार्यक्रममा बैंकका देहाय बमोजिमका नायब प्रमुख कार्यकारी अधिकृतद्वयले सफलतापूर्वक भाग लिनुभयो ।

**पद तथा नाम**

१. नायब प्रमुख कार्यकारी अधिकृत — बिष्णुप्रसाद बैद्य
२. नायब प्रमुख कार्यकारी अधिकृत — भुपेन्द्र पाण्डे

# तालिम विदेश

सन् २०१८ जनवरी ६ देखि १३ सम्म हनोइ, भियतनाममा संचालित "International Training and Study Visit on Electronic Delivery of Banking Services" विषयक तालिम कार्यक्रममा बैंकका देहाय बमोजिमका कर्मचारीहरुले सफलतापूर्वक भाग लिनुभयो ।



**पद तथा नाम**

१. नायब महाप्रबन्धक — उद्धवप्रसाद खनाल
२. मुख्य प्रबन्धक — महेन्द्रप्रसाद अवस्थी
३. मुख्य प्रबन्धक — गोपालप्रसाद पौडेल
४. मुख्य प्रबन्धक — मित्रलाल पंज्ञानी
५. का.मु.मुख्य प्रबन्धक — कृष्णानन्द झा
६. का.मु.मुख्य प्रबन्धक — शालिकराम वाग्ले

## सरुवा/पदस्थापन विवरण (मिति २०७४/०७/०१ देखि २०७४/०९/३० सम्म)

| सि.नं. | नाम थर | क.नं. | हालको पद | तह | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|---|---|
| १ | केशबप्रसाद गजुरेल | ९८२० | का.मु.स.प्र | का.मु.६ | क्षे.का. काठमाण्डौ | क्षे.का. काठमाण्डौ | बरिष्ठ सहायक (पदस्थापन) |
| २ | पवन रेग्मी | १११७० | मुख्य प्रबन्धक | १० | मार्केटिङ्ग तथा बिकाश बिभाग | मार्केटिङ्ग तथा बिकाश बिभाग | बिभागीय प्रमुख (पदस्थापन) |
| ३ | आनन्द सुबेदी | १११९८ | बरिष्ठ प्रबन्धक | ९ | ट्रेजरी बिभाग | ट्रेजरी बिभाग | बिभागीय उप प्रमुख (पदस्थापन) |
| ४ | शंकरकुमार रायमाझी | १००३१ | मुख्य प्रबन्धक | १० | समान्य सेवा बिभाग | कम्प्लायन्स बिभाग | बिभागीय प्रमुख (नियमित) |
| ५ | बिनोदकुमार नेपाल | ९९९१ | बरिष्ठ प्रबन्धक (महाशाखा प्रमुख) | ९ | कम्प्लायन्स बिभाग | कम्प्लायन्स बिभाग | बिभागीय उप प्रमुख (पदस्थापन) |
| ६ | देबेन्द्ररमण खनाल | ११३६५ | बिभागीय प्रमुख | १० | ट्रजरी बिभाग | आ.ले.प.बिभाग | बिभागीय प्रमुख (नियमित) |
| ७ | रमेश भट्टराई | ११४४१ | स.शाखा प्रबन्धक | ५ | लेटाङ्ग | लेटाङ्ग | शाखा प्रबन्धक (पदस्थापन) |
| ८ | पुष्पराज घिमिरे | ११४९१ | बरिष्ठ सहायक | ५ | थापाथली | अध्यक्षको कार्यलय | बरिष्ठ सहायक (नियमित) |

## पोखरा क्षेत्रको...



प्रबन्धक राजकुमार खड्का तथा कर्जा विभागका उप प्रमुख सन्जयकुमार श्रेष्ठको उपस्थिति रहेको थियो भने सो गोष्ठीमा पोखरा क्षेत्रीय कार्यालय अन्तरगतका ३८ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागीता रहेको थियो । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको आधार दर कम हुनु नै सबैभन्दा सुखद पक्ष भएकोले आगामी दिनमा थप प्रतिस्पर्धी भई व्यवसाय विस्तार गर्न शाखा प्रवन्धकहरुलाई निर्देशन दिनुभयो । कर्मचारीहरुले बाध्यात्मक परिस्थितिमा मात्र काम गर्ने परिपाटीको अन्त्य गरी स्वतस्फुत: रुपमा कार्य गर्नुपर्ने र कार्य गर्ने वातावरण बैंकले बनाउने बताउनुभयो । नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डेले अबका दिनमा बैंकिङ प्रोडक्टहरुको बजारीकरण र ग्राहक सन्तुष्टिनै ठूलो विषय भएकाले प्रवन्धकहरुलाई त्यसतर्फ लाग्न अनुरोध गर्नुभयो । उहांले कर्जाको जोखिमभन्दा पनि संचालन जोखिम बढ्दो अवस्थामा रहेकाले प्रबन्धकहरुलाई त्यसतर्फ ध्यान दिन अनुरोध गर्नुभयो । नायव महाप्रबन्धक सुशिल श्रेष्ठले विज्ञापनबाट नयां कर्मचारी बैंकमा नआइन्जेल सबैले सुखदुखका साथ कार्य गर्नुपर्ने बताउनु भयो । त्यस्तै नायव महाप्रबन्धक उद्धवप्रसाद खनालले बैंकिङ व्यवसाय जोखिमयुक्त भएकाले नियमहरुको कार्यान्वयनबाट नै त्यस्ता जोखिम कम गर्न सकिने विचार व्यक्त गर्नुभयो । तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानीले संचालन गर्नुभएको कार्यक्रममा शाखा प्रवन्धकहरुको तर्फबाट शाखा कार्यालय बुटवल खस्यौलीका प्रवन्धक शंकर पहारीले आफ्ना भनाईहरु राख्नुभएको थियो ।

# आरविवि मर्चेन्ट बैंकिङमा प्रमुख कार्यकारी अधिकृत नियुक्त



**काठमाडौं, २ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको एक मात्र सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा चार बर्षका लागि डा. रमेशकुमार भण्डारी नियुक्त हुनु भएको छ । डा. भण्डारीले पूंजी बजारको लगानी तथा जोखिम व्यवस्थापनसम्बन्धी विषयमा विद्यावारिधि गर्नुभएको छ । उहांले यसअघि राष्ट्रिय योजना आयोगको सार्वजनिक तथा निजी साझेदारी परियोजनामा परामर्शदाता तथा ग्रोमोर क्यापिटल मार्केट लिमिटेडमा नायब महाप्रबन्धकको रुपमा कार्य गरिसक्नुभएको छ । पदभार समारोहमा आरविवि मर्चेन्ट बैंकिङ लिमिटेडका संचालकहरु कबिराज अधिकारी, केशबप्रसाद लम्साल, देवेन्द्ररमण खनाल, निवर्तमान प्रमुख कार्यकारी अधिकृत शंकरकुमार रायमाझी, राष्ट्रिय वाणिज्य बैंक आन्तरिक लेखापरीक्षण विभागका उपप्रमुख रणबहादुर चन्द, शाखा कार्यालय टेकुका प्रवन्धक पुष्पचन्द्र थापा लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# ज्येष्ठ नागरिक मिलन समारोहमा रावा बैंकको सहयोग




**काठमाडौं, १२ पुस**

जीवनका विभिन्न उकाली ओरालीलाई पार गर्दै ज्ञान, सीप र अनुभव संगालेका ज्येष्ठ नागरिकहरुको मिलन समारोहलाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले सहयोग गरेको छ । राष्ट्रिय ज्येष्ठ नागरिक महासंघले आयोजना गरेको ज्येष्ठ नागरिक मिलन समारोहमा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह अन्तर्गत सहयोग गरेको हो । गत पुस १२ गते बालुवाटार, काठमाडौंमा आयोजना भएको उक्त कार्यक्रमको उद्घाटन राष्ट्रकवि माधवप्रसाद घिमिरेले गर्नुहुँदै हरेक व्यक्ति आफैमा संस्था भएको हुंदा जीवनका जुनसुकै क्षणहरु सक्रियताका साथ सिर्जनात्मक कार्य गरेर समाजलाई अगाडि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा देहभरिबाट आउनुभएका करिब ५ सय ज्येष्ठ नागरिकहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका संस्थापक अध्यक्ष डा. गौरीशंकर लाल दास, कार्यवाहक अध्यक्ष मदनलाल दास, महासचिव छत्रबहादुर प्रधान, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव नयन्द्रप्रसाद उपाध्यायले ज्येष्ठ नागरिकहरु राज्यका सम्पत्तिहरु हुन, अनुभवका खानी हुन भन्दै सामाजिक सुरक्षाप्रतिको दायित्व राज्यले प्राथमिकताका साथ पुरा गर्नुपर्ने साझा धारण राख्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट प्रवन्धक राजकुमार थापा र रावा बैंक समाचारका सहायक सम्पादक ईश्वर उप्रेतीको उपस्थिति रहेको थियो ।

# कोष व्यवस्थापन तालिम सम्पन्न



**नवलपरासी, १४ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा कोष व्यवस्थापन तथा मुद्रा निर्मलीकरण र ग्राहक सम्बन्ध व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न भएको छ । नवलपरासीको गैंडाकोटमा संचालित पोखरा क्षेत्रभित्रका शाखा कार्यालयका खजान्चीहरुलाई (क्यासीयर) लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब ३४ जना खजान्चीहरुको सहभागीता रहेको थियो । नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागका निर्देशक भिष्मप्रसाद उप्रेतीले मुद्रा पहिचान सम्बन्धी, राबाबैंक लि. कम्प्लायन्स महाशाखाका प्रमुख बिनोदकुमार नेपालले मुद्रा निर्मलीकरण, तालिम तथा विकास विभागका उप प्रमुख शिवराम पौडेलले ग्राहक सम्बन्ध व्यवस्थापन तथा बैंकका पुर्व प्रवन्धक रमेश पोखरेलले कोष व्यवस्थापनसम्बन्धी विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा पोखरा क्षेत्रका क्षेत्रीय प्रवन्धक राजकुमार खड्काको उपस्थिति रहेको थियो ।

(सहायक प्रवन्धक मुक्तबहादुर के.सी.को सहयोगमा तयार पारिएको )

# राष्ट्रिय वाणिज्य बैंकका संचालक डा. उपाध्यायद्वारा शपथ ग्रहण



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रिक्त रहेको संचालक पदमा काठमाडौं मैजुवहाल निवासी डा. जितेन्द्रप्रसाद उपाध्याय नेपाल सरकार मन्त्रीस्तरीय निर्णयबाट पुनः नियुक्त हुनुभएको छ । बैंक संचालक समितिका अध्यक्ष डा. रबीन्द्रप्रसाद पाण्डेले संचालक डा. जितेन्द्रप्रसाद उपाध्यायलाई २०७४ कात्तिक २८ गते पद तथा गोपनीयताको शपथ गराउनु भएको छ । संचालक उपाध्याय प्राध्यापन पेशामा संलग्न हुनुहुन्छ ।

# वित्तीय साक्षरता कार्यक्रम संचालन




**गोरखा, २४ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा गोरखा जिल्लाको बुढिगण्डकी नदी प्रभावित क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम संचालन भएको छ । गोरखा जिल्लाको आरुघाटमा पुस २२ गते, बोर्लाङ्गमा पुस २३ गते र फुजेलमा पुस २४ गते संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको अलग अलग तीनवटा वित्तीय साक्षरता कार्यक्रम संचालन भएको हो । प्रत्येक कार्यक्रममा करिब एक सय भन्दा बढि जनसाधारणहरुलाई प्रशिक्षण दिएको सो कार्यक्रममा तालिम तथा विकास विभागका उप प्रमुख शिवराम पौडेल, ब्रान्च अपरेशन विभागका प्रवन्धक बेदप्रसाद आचार्य, शाखा कार्यालय गोरखाका प्रवन्धक महेन्द्रप्रसाद तिमिल्सीना, शाखा कार्यालय आरुघाटका प्रवन्धक कृष्ण श्रेष्ठले प्रशिक्षण दिनुभएको थियो । सो कार्यक्रममा उपस्थित प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बचत, कर्जा, बजेट, लगानी, सुरक्षित बैंकिङ कारोबार गरी आफु आर्थिक रुपमा सुरक्षित हुन आग्रह समेत गरियो ।

(सहायक प्रवन्धक हारितकुमार रेग्मीको सहयोगमा तयार पारिएको )

युनियन गतिविधी

# नेपाल वित्तीय संस्था कर्मचारी संघको महाधिवेशन सम्पन्न

**धनगढी, २ पुस**

नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको नवौं केन्द्रीय महाधिवेशन धनगढीमा सम्पन्न भएको छ । नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका अध्यक्ष जितेन्द्रसिंह थापाको सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य एन.पी.साउदले विगतमा राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन करारमा



दिएपछि बैंकको अवस्था फेरिएको छ, यो अवस्थालाई अझै मजबुत पार्दै अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । समारोहलाई सम्बोधन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंक नेपालको एक नम्बर बैंक बन्नु हाम्रो लागि गौरबको कुरा हो, यो बैंकभित्रका कर्मचारीहरुको मेहनतको प्रतिफल हो भन्नुभयो ।

कार्यक्रममा नेपाल ट्रेड यूनियन कांग्रेसका धुब्रचन्द्र गौतम, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका कोषाध्यक्ष धर्मराज खनाल, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघका अध्यक्ष बेदबहादुर लावती, नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंकका महासचिव उभार पाण्डे, धनगढी उप महानगरपालिकाका उपमेयर शुशीला मिश्र लगातले शुभकामना मन्तव्य राख्नुभएको थियो । संघका बरिष्ठ उपाध्यक्ष दिनेशबिक्रम थापाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको सो कार्यक्रमको संचालन महासचिव माधवदत्त पन्तले गर्नुभएको थियो । सो महाधिवेसनले गगनसिंह घिमिरे अध्यक्ष, ईश्वरबहादुर सिंह बरिष्ठ उपाध्यक्ष, आनन्दनारायण चौधरी र जान्हबी खनाल उपाध्यक्ष, मिलनबाबु नेपाल महासचिव, राजेन्द्र ज्ञवाली उपमहासचिव, सुदिन के.सी. कोषाध्यक्ष र संजीव भंडेल सहकोषध्यक्ष सहित सर्वसम्मत केन्द्रीय समितिको चयन गरेको छ ।

यसै सन्दर्भमा संघले नवौं केन्द्रीय महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका पदाधिकारीहरुको परिचयात्मक तथा राष्ट्रिय वाणिज्य बैंक लि. भित्र व्यवसायिक ट्रेड युनियनको बहस विषयमा गत पुस २८ गते बैंकको केन्द्रीय कार्यालय परिसरमा एक कार्यक्रमको आयोजना गरिएको थियो ।

# दिवाकर बशिष्ठलाई विद्यावारिधी उपाधी प्राप्त



राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय, कृषि तथा सामाजिक बैंकिङ्ग विभागका विभागीय प्रमुख श्री दिवाकर बशिष्ठले सिंघानिया विश्वविद्यालय, राजस्थान, भारतबाट व्यवस्थापन संकाय अन्तर्गत "Financial Sector Reforms in Nepal" विषयमा सन् २०१७ जुन १२ मा **विद्यावारिधी** उपाधि प्राप्त गर्नुभएको छ । डा. बशिष्ठलाई हार्दिक बधाई !!

# कर्मचारी संघ नेपालको लक्ष्ययात्रा विमोचन

**काठमाडौं, ११ पुस**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले आर्थिक लेख तथा परीक्षा सम्बन्धी पाठ्यक्रम समेत समावेश गरी अफ्नो वार्षिक मुखपत्रको रुपमा प्रकाशन गरेको लक्ष्ययात्रा २०७४ पुस्तकको बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ नेपाल (BIFU) का राष्ट्रिय अध्यक्ष नारायणप्रसाद सुवेदीले संघको केन्द्रीय कार्यालयमा एक समारोहकाबीच विमोचन गर्नुभयो । उक्त विमोचन समारोहमा अध्यक्ष सुवेदीले संघद्वारा प्रकाशित यस पुस्तक सिर्जनशील कार्यश्रृंखलाको एक बौद्धिक पुस्तक भएको र बैंकिङ सेवामा लिईने बाह्य तथा आन्तरिक परीक्षालाई लक्ष्य गरेर प्रकाशन गरिएको पुस्तक प्रशिक्षार्थीहरुको लागि अत्यन्तै महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । यस



पुस्तकमा प्रथमपटक ISSN 2594-3480 नम्बर पनि लिईएको जानकारी गराईएको थियो । विचोचन कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष बेदबहादुर लावती, बरिष्ठ उपाध्यक्ष भरतप्रसाद भट्टराई, महासचिव हेमराज सुवेदी, उप महासचिवद्धय रामप्रसाद जोशी, धर्म अर्याल, सचिवहरु बद्रिप्रसाद तिमिल्सिना, लक्ष्मी पाण्डे, लक्ष्मी ज्ञवाली, कोषाध्यक्ष माधवप्रसाद अधिकारी लगायत बैंक कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# नेपाल राष्ट्रिय कर्मचारी संगठनको ११ औं वार्षिकोत्सव सम्पन्न



**काठमाडौं, २१ पुस**

नेपाल राष्ट्रिय कर्मचारी संगठन, राष्ट्रि वाणिज्य बैंक लि.को ११ औं वार्षिकोत्सव कार्यक्रम काठमाडौंको चोभारमा सम्पन्न भएको छ । सो कार्यक्रमको सभापतित्व संगठनका अध्यक्ष दिपेन्द्र कार्कीले गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन महासचिव उभार पाण्डेले गर्नु भएको थियो । उक्त कार्यक्रममा २०७३ पुस २२ गते देखि २०७४ पुस २१ गतेसम्म बैंकको सेवाबाट अवकाश भएका संगठनमा आबद्ध कर्मचारीहरुलाई दोसल्ला ओढाई मायाको चिनो प्रदान गरी बिदाई गरिएको थियो ।

## ब्रान्च प्रोफाइल

# शाखा कार्यालय निजगढ(१२९)

आ.ब.२०७२।७३ को घ वर्गको प्रथम शाखा



| | |
|---|---|
| निक्षेप | : रु. ४०,०१,०१,३७७।०९ |
| कर्जा | : रु. ६२,६२,३३,१५३।०३ |
| ग्राहक संख्या | : ९,२७९ |
| कर्मचारी संख्या | : ५ |
| प्रति कर्मचारी निक्षेप | : रु. ८,००,२०,२७५।४ |
| प्रति कर्मचारी कर्जा | : रु. १२,५२,४६,६३०।६ |
| NPA प्रतिशत | : ० |
| शाखा कार्यालयको स्थापना | : बि.सं. २०३१।०९।२७ |
| शाखा प्रबन्धक | : खिलराज भट्टराई |

### सफलताको रहस्यः

शाखामा कार्यरत सबै कर्मचारीहरु कार्यालयको कार्यसम्पादनमा एक ढिक्का भई अहोरात्र खटिरहनु, ग्राहकहरुको सन्तुष्टिलाई केन्द्रबिन्दुमा राखेर सोही अनुरुप बैंकिङ सेवा प्रदान गर्न कटिबद्ध रहनु, शाखा कार्यालयमा सबै कर्मचारीहरुमा सामन्जस्यता रहनु, शाखाको व्यवसायिक आकार बृद्धिप्रति कर्मचारीहरु एक हुनु, सरोकारवालाहरुप्रति जिम्मेवारीपूर्वक प्रस्तुत हुनु एबं वित्तीय अनुशासनलाई आत्मसात गर्दै क्षेत्रीय कार्यालय एबं केन्द्रीय कार्यालयको सहयोग, मार्गदर्शन एबं नीति निर्देशनको परिपालनामा सदैब सजग रहदै कार्यसम्पादन गर्नुको प्रतिफलको रुपमा यो सफलता हासिल भएको छ ।

# शाखा कार्यालय भोजपुर (२०४)

आ.ब.२०७२।७३ को घ वर्गको प्रथम शाखा



| | |
|---|---|
| निक्षेप | : रु. १,०४,८५,६३,२२९।७६ |
| कर्जा | : रु. ३०,३७,५८,७७१।६२ |
| ग्राहक संख्या | : १९२३९ |
| कर्मचारी संख्या | : ८ |
| प्रति कर्मचारी निक्षेप | : रु. १३,१०,७०,४०३।७२ |
| प्रति कर्मचारी कर्जा | : रु. ३७,९६,९९,८४६।४५ |
| मुनाफा | : रु. १,७९,१९,५८५।४६ |
| NPA प्रतिशत | : ० |
| शाखा कार्यालयको स्थापना | : बि.सं. २०२६ |
| शाखा प्रबन्धक | : उमेश नेपाल |

### सफलताको रहस्यः

सामुहिक कार्य, कर्मचारीहरुको उच्च मनोवलको साथै कार्यको लागि समयको कुनै सीमा नहेरी कर्मचारीको काम प्रति प्रतिवद्ध रहनु, ग्राहक मैत्रि सेवा प्रवाह गर्नसक्नु, उपल्लो निकायहरुबाट निरन्तर सहयोग तथा निर्देशन प्राप्त, सरोकार वाला संग कर्मचारीहरुको मित्रवत व्यवहार ।

# आरविवि मर्चेन्ट बैंकिङ्ग लि.को साधारण सभा सम्पन्न



**काठमाडौं, ३० पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको दोश्रो वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष एवं राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको छ । साधारण सभाले आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन सहित विविध प्रस्ताबहरु पारित गरेको छ । साधारण सभामा संचालक समितिका अध्यक्ष किरणकुमार श्रेष्ठले मर्चेन्ट बैंकिङ्गले भेन्चर क्यापिटल, प्राइभेट इक्विटी फण्ड जस्ता कोष संचालन र सम्पत्ति व्यवस्थापन लगायतका विषयहरुमा परामर्श सेवासम्बन्धी बजार विस्तार गर्ने बताउनुभयो । मर्चेन्ट बैंकिङ्गका प्रमुख कार्यकारी अधिकृत डा. रमेशकुमार भण्डारी ले हाल निक्षेप सदस्यता, लगानी व्यवस्थापनका कार्य मर्चेन्ट बैंकिङ्गबाट भईरहेको बताउनुभयो । साधारण सभामा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडका संचालकहरु बिष्णुप्रसाद बैद्य, भुपेन्द्र पाण्डे, कबिराज अधिकारी, केशबप्रसाद लम्साल तथा बैंकका नायब महाप्रवन्धक सुशिल श्रेष्ठ, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि उप रजिष्ट्रार गीता हुँमागाई लगायतको उपस्थिति रहेको थियो । संस्थापक शेयरधनी प्रतिनिधिका तर्फबाट बैंकका नायब महाप्रवन्धक टेकराज जोशीले प्रस्तुत प्रस्ताब उपर आफ्ना भनाईहरु राख्नुभएको थियो । सो वार्षिक साधारण सभालाई कम्पनी सचिव बिष्णुप्रसाद कंडेलले सहजीकरण गर्नुभएको थियो ।

# समवेदना

यस बैंकको नायब महाप्रवन्धक कविराज अधिकारी (११२४५)का बुबा पदमनाथ अधिकारी, के.का. संस्थागत तथा साना मझौला कर्जा विभागका विभागीय प्रमुख नरेशराज अर्याल (७९६६)का बुबा चन्द्रराज शर्मा, के.का. संस्थागत तथा साना मझौला कर्जा विभागमा कार्यरत प्रवन्धक रामहरी शर्मा (११०५६) र के.का. कम्प्लायन्स विभागमा कार्यरत सहायक प्रवन्धक श्रीहरि आचार्य (९३२३)की आमा रमादेवी आचार्य, शा.का. जदुकोहामा कार्यरत सहायक प्रवन्धक रामनारायण शाह (७५६५)की आमा खैकीदेबी साहु हलुवाई, शाखा कार्यालय भोजपुरमा कार्यरत सहायक मिनकुमार श्रेष्ठ (१०९४२)को बुबा तिलकबहादुर श्रेष्ठ, शा.का. सुख्खा बन्दरगाह बिराटनगरमा कार्यरत शाखा प्रवन्धक बिष्णुप्रसाद निरौला (११०९९)की श्रीमती कल्पना कोइराला, शा.का. इटहरीमा कार्यरत शाखा प्रवन्धक दृष्यन्तराज निरौला (१११८४)की आमा टिकादेबी निरौला, क्षे.का. नेपालगंजमा कार्यरत सहायक प्रवन्धक कृष्णकुमार शर्मा (९८६६)का बुबा उमानाथ शर्मा, शा.का. भरतपुरमा कार्यरत कनिष्ठ सहायक पुष्पलता शार्मा (१२०३२)की सासु दुनाकुमारी न्यौपाने, शा.का. फिदिममा कार्यरत सहायक प्रवन्धक तारणीप्रसाद खतिवडा (१०८६४)का बुबा गोपीकृष्ण खतिवडा (उपाध्याय), के.का. अन्तर शाखा हिसाब मिलान विभागमा कार्यरत बरिष्ठ सहायक पूर्णप्रसाद राई (९७९८)की आमा कैया राई, शा.का. बुटवल खस्यौलीमा कार्यरत बरिष्ठ सहायक अन्जु लाकौल (श्रेष्ठ) (७६६७)को श्रीमान् केशबनारायण श्रेष्ठ, के.का. सामान्य सेवा विभागमा कार्यरत सिकर्मी सिताराम भुजेल (११०२९)का बुबा चतुरमान भुजेल, शा.का. श्रीपुरमा कार्यरत कनिष्ठ सहायक मुना भट्टराई (११८९०)की सासु कल्पना पोखरेल, शा.का. पशुपतिनगरमा कार्यरत शाखा सहायक प्रवन्धक अर्जुनकुमार सुबेदी (१०७८५)की आमा बसुन्धरा सुबेदी, के.का.ब्रान्च अपरेशन विभागमा कार्यरत सहायक प्रवन्धक पुन्यप्रसाद भट्टराई (१०१५५)का बुबा राजेन्द्रप्रसाद भट्टराईको केहि पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Sushil Shrestha, DGM & Information Officer.
Editor: Kumar Niraula, Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Printing Art & Stationery Suppliers, Bhaktapur, Tel: 9841068987